मिति: २०८१/०८/०९
समय: दिनको २:०० बजे

आज मिति २०८१ साल मङ्सिर महिनाको ०९ गते आइतबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको अट्ठाइसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

<u>उपस्थिति:</u>

| क्र.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्वारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिव थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | (signature) |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | (signature) |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | (signature) |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्बु | सदस्य | (signature) |
| १९. | कार्यपालिका सदस्य | श्री हरिबहादुर वि.क. | सदस्य | (signature) |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | (signature) |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, मिनराज कोइराला | |
| २. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर सातौं श्री रामजी रायमाझी | |
| ३. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ४. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ५. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ६. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र बोहरा | |
| ७. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ८. | प्रशासन् शाखा | प्रा.स. रामवावु बस्नेत | |
| ९. | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, मालती भण्डारी | |

Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०८/०९ गतेको अठ्ठाइसौं कार्यपालिका बैठकको निर्णय*

निर्णय नं.१:- कार्यविधि सम्बन्धमा

यस नगरपालिकालाई आवश्यक देहाय बमोजिमका कार्यविधिहरु पारित गर्ने निर्णय गरियो ।

क) कुकुर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

ख) उर्जा प्रभावकारी भवन निर्माण स्वीकृति सम्बन्धी कार्यविधि, २०८१

निर्णय नं.२:- अनुमोदन सम्बन्धमा ।

क) असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट भएको देहायको खर्च अनुमोदन

| क.स. | बिरामिको नामथर | उपचार बापतको रकम | कैफियत |
|---|---|---|---|
| १ | कौरव प्रसाद फुयाल | २००००/- | |
| २ | हरि बाबु आचार्य | २५०००/- | |
| ३ | आइते तामाङ | २००००/- | |
| ४ | सिता माया बि.क | २००००/- | |
| ५ | रमेश पौडेल | २००००/- | |
| ६ | नेत्र प्रसाद गौतम | २००००/- | |
| ७ | धुव्र प्रसाद हुमागाइ | २५०००/- | |
| ८ | अर्जुन धिमाल | २००००/- | |

ख) नगर प्रमुख कार्यक्रम शिर्षकबाट भएको खर्च अनुमोदन

| क.स. | विवरण | बापत | रकम रु. |
|---|---|---|---|
| १ | हरिबोल बिष्ट | डा नं. ३ को सडक किनारामा रोपिएको बोटबिरुवा रंगरोगन सरसफाइ | ९४५७५/- |
| २ | प्रगती महिला समुह | कार्यक्रम संचालन बापत | १५००००/- |
| ३ | श्री कृष्ण जात्रा गुठी व्यवस्थापन समिति | रथयात्रा संचालन बापत | १५००००/- |
| ४ | गोकर्णेश्वर युवा जागरण क्लव | कार्यक्रम संचालन बापत | १०००००/- |
| ५ | शेर्पा सेवा समाज गोकर्णेश्वर | संस्कृति जगेर्ना कार्यक्रम संचालन बापत | १०००००/- |
| ६ | श्री नव युवा नेवा: संघ | लाखे नाच कार्यक्रम संचालन बापत | ९००००/- |
| ७ | क्याटेलीस्ट फर्म | स्यानिटरि प्याड डीस्पोजेबल मेसिन खरिद बापत | ३६८४९९/- |
| ८ | सिन्धु ईन्द्रावती फिल्म प्रोडक्सन प्रा.लि. | सन्देशमूलक डकुमेन्ट्रि निर्माण बापत | २०००००/- |
| ९ | एभाल टेक्नोलोजिज प्रा.लि. | एस.एम .एस बापत | ६७८००/- |
| १० | बि.के. इन्टरप्राइजेज ट्रेड सेन्टर | सामाग्रि खरिद बापत | ११४९८८/- |
| ११ | न्यू धनेश्वर सप्लायर्स | सामाग्रि खरिद बापत | ११९७९८/- |
| १२ | जेष्ठ नागरिक समाज माकलबारी गोकर्णेश्वर | ज्येष्ठ नागरिक दिवस संचालन बापत | १३५०००/- |
| १३ | शिखर छहारी सांस्कृतिक कला केन्द्र | समुहगत नृत्य प्रतियोगिता संचालन बापत | ५०००००/- |
| १४ | श्री बेङ्कटेश गुरुकुल विद्यालय | गुरुकुल विद्यालय लाइ सामाग्रि उपलब्ध बापत | २०००००/- |



Scanned with CamScanner

निर्णय नं.३:- राष्ट्रिय परिचयपत्रको कर्मचारी सम्बन्धमा -।

राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट सेवा करार भई यस नगरपालिका क्षेत्रमा विवरण दर्ता अपरेटरको रुपमा कार्यरत अपरेटर उर्मिला प्रधानको राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग संगको सम्झौताको अवधि मिति २०८१ पौष मसान्तमा समाप्त हुने भएको र राष्ट्रिय परिचय पत्र बनाउने कार्य यस नगरपालिकाका नगरबासीहरुलाई आवश्यक रहेकोले आगामी नगर सभाबाट अनुमोदन गर्ने गरी मिति २०८१ माघ १ गतेबाट विवरण दर्ता अपरेटर सहायक चौथो स्तरमा सेवा करारमा राखी राष्ट्रिय परिचय पत्रको सेवा निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं.४:- आ.व.०८१/०८२ मा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गर्न वडा नं. १,२,३,४ र ५ का रोजगारका आयोजनाहरु स्वीकृत गर्ने सम्बन्धमा ।

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस नगरपालिकामा आ.व २०८१।८२ का लागि सूचिकृत भएका वेरोजगारहरुलाई १०० दिनको न्यूनतम रोजगारी प्रदान गर्नका लागि वडा नं. १, २, ३, ४, र ५ बाट पेश भएका तपशिका योजनाहरु प्राविधिक लागत स्टिमेट तयार पारी संचालन गर्ने निर्णय गरियो र उक्त कार्यक्रमबाट यस आ.व का लागि कुल ४४ जना सूचिकृत वेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीमा सामावेश गर्ने सम्बन्धमा वडा समिती बाट वेरोज़गारहरुको अवस्यकता र अवस्था विश्लेषण गरी वडा नं. १, २, र ४ बाट प्रतिवडा ११ जना वडा नं. ३ मा १० जना र वडा नं. ५ बांट १ जना गरी कुल ४४ जनालाई न्यूनतम रोजगारी उपलब्ध गराउने निर्णय गरियो । साथै प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार सूचिमा सूचिकरण हुने समयमा प्राविधिक त्रुटीका कारण नविकरण हुन नसकेका वडां नं. ८ का आ.व २०८०।८१ मा सूचिकृत भई कार्य गरेका ६ जना वेरोजगार र वडा नं. ६ बाट सूचिकरणका लागि सिफारिस भई आएको तर सूचिकरण नभएका २ वेरोजगार गरि ८ जनालाई यस नगरपालिकाको आन्तरिक श्रोत तर्फबाट प्रशासन, योजना तथा अनुगमन र आर्थिक प्रशासन अन्तर्गत खर्च शिर्षक नं. २२५२२ मा रोजगार प्रर्बद्धन सम्बन्धी कार्यक्रममा विनियोजन गरिएको रु ५,००,०००।- (अक्षेरपी पाँच लाख) मध्यबाट रु २,००,०००।— (अक्षेरपी दुई लाख) खर्चगरी सम्बन्धीत वडा कार्यालयहरुबाट प्रधानमन्त्री रोजगार कार्यक्रको नर्म्स अन्तर्गत रही रोजगारीका योजनाहरु संचालन गरी न्यूनतम रोजगारीमा आवद्ध गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

<u>वडा नं. १ बाट पेश भएका रोजगारिका योजनाहरु:</u>

१. विभिन्न प्रकारका विपद जन्य जोखिम न्यूनीकरण र व्यवस्थापन संग सम्बन्धित रोजगारका आयोजना,
२. दोबाटो बराह चोक देखि बागमति खोला सम्मको सिचाई कुलो मर्मत तथा सरसफाई आयोजना,



Scanned with CamScanner

३. फ्लोरिकल्चर भित्र बालबालिका तथा जेष्ठ नागरिक पार्क निर्माण स्थल सम्याउने आयोजना,
४. वडा कार्यालय तथा आसपासका क्षेत्रहरुमा बाटो, ड्रेन मर्मत तथा सरसफाई आयोजना,
५. सेर बहादुरको घर देखी करौती डाँडा सम्मको ग्रामिण सडक तथा ड्रेन मर्मत तथा सरसफाई आयोजना,
६. कलानसाङ हुदै सिरानचोक सम्म जाने ग्रामिण सडक तथा ड्रेन मर्मत तथा सरसफाई आयोजना,
७. सम्झनाको घर हुदै चिसापानी जाने पर्यटकीय मार्ग मर्मत तथा सरसफाई आयोजना,
८. वडा भित्रका विभिन्न स्थानका सिचाई कुलो मर्मत तथा सरसफाई आयोजना ।

<u>वडा नं. २ बाट पेश भएका रोजगारिका योजनाहरु:</u>

१. बंगाला ननगाँउ कूलो मर्मत तथा सरसफाई आयोजना,
२. भूमिस्थली भत्केको कुलो मर्मत तथा सरसफाई आयोजना,
३. गलमट्टी सडक ड्रेन मर्मत तथा सरसफाई आयोजना,
४. चण्डिकाथरी ढोकाभञ्ज्याङ् सडक ड्रेन मर्मत तथा सरसफाई आयोजना,
५. ढोकाभञ्ज्याङ् भीमदेव सडक ड्रेन मर्मत तथा सरसफाई आयोजना,
६. भीमदेव ज्यामिरे सडक ड्रेन मर्मत तथा सरसफाई आयोजना,
७. ज्यामिरे शाशीटोल कुलो मर्मत तथा सरसफाई आयोजना ।

<u>वडा नं. ३ बाट पेश भएका रोजगारिका योजनाहरु:</u>

१. विभिन्न प्रकारका विपद जन्य जोखिम न्यूनीकरण र व्यवस्थापन संग सम्बन्धित रोजगारका आयोजना,
२. घट्टबसपार्क कृष्ण मन्दिर, वडा कार्यालयको पाञ्चायन मन्दिर परिसरमा मर्मत तथा सरसफाई आयोजना,
३. वडा कार्यालयबाट घट्टबसपार्क सम्म विभिन्न स्थानको सिचाई कुलो मर्मत तथा सरसफाई आयोजना,
४. पिप्ले बाट वडा कार्यालय सम्मका विभिन्न स्थानको सिचाई कुलो मर्मत तथा सरसफाई आयोजना,
५. वडा कार्यालयबाट जेखाडोल सम्मको ड्रेन मर्मत तथा सरसफाई आयोजना,
६. तारेभिर ग्रामिण पर्यटकिय सडक मर्मत तथा सरसफाई आयोजना ।

<u>वडा नं. ४ बाट पेश भएका रोजगारिका योजनाहरु:</u>

१. विभिन्न प्रकारका विपद जन्य जोखिम न्यूनीकरण र व्यवस्थापन संग सम्बन्धित रोजगारका आयोजना,
२. वडाका विभिन्न स्थानहरुमा ड्रेन, कुलो, ढल मर्मत तथा सरसफाई आयोजना,
३. देशे जाने बाटोको ड्रेन तथा सडक मर्मत एवम् सरसफाई आयोजना,
४. उत्तरवाहिनी जाने बाटोको ड्रेन तथा सडक मर्मत एवम् सरसफाई आयोजना,
५. किसिगाल-भैरबचौर जाने बाटोको ड्रेन मर्मत तथा सरसफाई आयोजना ।

<u>वडा नं. ५ बाट पेश भएका रोजगारिका योजनाहरु:</u>

१. सिद्धेश्वर मन्दिर, अघौंतेश्वर मन्दिर र चामुण्डा मन्दिर परिसर मर्मत तथा सरसफाई आयोजना ।



Scanned with CamScanner

**निर्णय नं.५:- महिला स्वयं सेविकाहरुको विदाई सुविधाको निरन्तरता सम्बन्धमा ।**

महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मान जनक विदाई गर्ने कार्यका लागि विदाई हुने प्रत्येक महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुलाई रु.३०,०००/- आ.व.०८१/०८२ को नगर स्तरीय चालू तर्फको स्वास्थ्य सम्बन्धी कार्यक्रमको म.स्वा.से. कार्यक्रम निरन्तरता शिर्षकबाट खर्च लेखिने गरी सम्मान जनक विदाई सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.६:- ई.सि.डि. शिक्षकको पारिश्रमिक सम्बन्धमा ।**

नगरपालिकाबाट सिर्जित ४ जना थप इ.सि.डि. शिक्षकको लागि १३ महिनाको १७,०००/- को दरले जम्मा रकम रू. १०,००,०००/- (चाडपर्व खर्च र पोशाकभत्तासहित) २०८१/८२ को नगर स्तरीय शिक्षा सम्बन्धी कार्यक्रमको ई.सि.डि. कक्षा सुधार ( १७ वटा सामुदायिक विद्यालय) शिर्षकबाट खर्च लेखिने गरी पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७:- विविध सम्बन्धमा ।**

७.१) यस नगरपालिकाको न्यायिक समिति, कानुन शाखा र नगरपालिका कार्यालयको लागि कानुन सम्वद्द विज्ञहरुको सेवा आवश्यकता भएकोले आगामी १४ औं नगर सभाबाट अनुमोदन गर्ने गरी अधिवक्ता एवं कानुन व्यवसायीहरु मध्यबाट आवश्यक खरिद प्रकृया अनुसार आ.व.०८१/०८२ को बजेट शिर्षक सेवा र परामर्श अन्तर्गत परामर्श सेवा करार गरी सेवा लिने निर्णय गरियो ।

७.२) मिति २०८१/०३/१४ मा सम्पन्न तह्रौं नगरसभाबाट आ.ब.०८१/०८२ को योजनाहरुमा २० लाख देखि माथीका योजनाहरु ठेक्का प्रकृयाबाट गर्ने नीति लिइएको भएता पनि मठ मन्दिर, गुम्बा र सौंस्कृतिक धरोहरुका निर्माण तथा स्तरोन्नीका योजनाहरु आगामी १४ औं नगर सभाबाट अनुमोदन गराई स्थानीय उपभोक्ता समितिबाट संचालन गर्ने निर्णय गरियो ।

७.३) वैदेशिक लगायत विभिन्न प्रयोजनका लागि नगरपालिकाको वस्तुगत र विषयगत विवरणहरु एवं जनप्रतिनिधिहरुको विवरण समेटीएको नगर प्रोफाइल तयार पार्न आवश्यक भएकोले आ.ब.०८१/०८२ को नगर स्तरीय सूचना प्रविधि पूँजिगत तर्फको Database System Enhancement खरिद तथा व्यवस्थापन शिर्षकबाट खर्च लेखिने गरी रु.४,००,०००/- विनियोजन गरी नगर प्रोफ़ाइल निर्माण गर्ने निर्णय गरियो ।



Scanned with CamScanner

७.४) सुरभि साहित्य प्रतिषठान मार्फत कवि विजय चालिसेको "स्रष्टाका दृष्टीमा स्रष्टा विजय चालिसे" नामक पुस्तक प्रकाशनका लागि आ.ब.०८१/०८२ को नगर स्तरीय चालू तर्फको नगर प्रमुख कार्यक्रम शिर्षकबाट खर्च लेखिने गरी रु.६,००,०००/- विनियोजन गरी पुस्तक प्रकाशन गर्ने निर्णय गरियो ।

७.५) अभिनव साहित्य समाज मार्फत महिला लक्षित साहित्यिक कार्यक्रमका लागि आ.ब.०८१/०८२ को नगर स्तरीय चालू तर्फको नगर प्रमुख कार्यक्रम शिर्षकबाट खर्च लेखिने गरी रु.५,००,०००/- विनियोजन गरी महिला लक्षित साहित्यिक कार्यक्रम गर्ने निर्णय गरियो ।

७.६) नेपाल कल्चर एण्ड फिल्म सेन्टरलाई छैठौं नेपाल साँस्कृतिक अन्तराष्ट्रिय चलचित्र महोत्सव आयोजना गर्नका लागि आ.ब.०८१/०८२ को नगर स्तरीय चालू तर्फको नगर प्रमुख कार्यक्रम शिर्षकबाट खर्च लेखिने गरी रु.५,००,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

७.७) वडा नं. ५ अघौतिश्वरमा रहेको व्याडमिन्टन कोर्ट स्तरोन्नतीका लागि आ.ब.०८१/०८२ को नगर स्तरीय भैपरी आउने पूँजिगत खर्च शिर्षकबाट खर्च लेखिने गरी रु.६,००,०००/- विनियोजन गरी व्याडमिन्टन कोर्ट स्तरोन्नती गर्ने निर्णय गरियो ।

७.८) वडा नं.३ कालदह मार्ग सडक स्तरोन्नतीका लागि आ.व.०८१/०८२ को नगर स्तरीय भैपरी आउने पूँजिगत खर्च शिर्षकवाट खर्च लेखिने गरी रु.५,००,०००/- विनियोजन गरी सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

७.९) वडा नं.८ स्थित आनन्द गणेश टोल सुधार समिति अन्तर्गत आनन्द नगर गणेश मन्दिर छेउमा दल सहित बाटो स्तरउन्नती गर्न आ.ब.०८१/०८२ को नगर स्तरीय भैपरी आउने पूँजिगत खर्च शिर्षकबाट खर्च लेखिने गरी रु.२,३०,०००/- विनियोजन गरी स्तरोन्नती गर्ने निर्णय गरियो।

७.१०) आ.ब.०८१/०८२ को नगरस्तरीय स्वास्थ्य तर्फको असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट खर्च लेखिने गरी देहाय बमोजिम यस नगरपालिकाका स्थाई बासिन्दा गोकर्णेश्वर नगरपालिका वडा नं. ४ बस्ने श्रीकृष्ण श्रेष्ठलाई घाँटीको क्यान्सर उपचारका लागि रु.५०,०००/- उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

७.११) आ.ब.०८१/०८२ को नगरस्तरीय गौरवका योजना तर्फको नगर अस्पताल शिर्षकमा विनियोजन भएको बजेटर रु.२,५०,००,०००/- बाट रु.५०,००,०००/- रकमान्तर गरी सडक वत्ती शिर्षकमा थप गरी सडक वत्ती व्यस्थापन गर्ने निर्णय गरियो ।

७.१२) गोलन्जोर गाउँपालिका सिन्धुली गोलन्जोर -३ स्थित विन्ध्यावासिनी मन्दिर निर्माणका लागि विन्ध्यावासिनी मन्दिर संरक्षण समितिलाई आ.ब.०८१/०८२ को नगर स्तरीय चालू तर्फको नगर प्रमुख कार्यक्रम शिर्षकबाट खर्च लेखिने गरी रु.२,००,०००/- अनुदान उपलब्ध गराउने निर्णय गरियो

७.१३) आगामी नगरसभाबाट अनुमोदन गर्ने गरी तेह्रौ नगरसभाबाट पारित भएका तपशिलका योजना तथा कार्यक्रमहरुको शिर्षक संशोधन गरी योजना तथा कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

| क.स. | साबिक योजना तथा कार्यक्रम | संशोधन भएको | कैफियत |
|---|---|---|---|
| १ | नगर स्तरीय पूँजिगत तर्फको वडा नं.४ जगडोल सामुदायिक बन भित्र रहेको आदिवासी किरौंत समाजको भुमेथान गेट तारजाली बँगैचा निर्माण र पहिरो रोकथाम रु.७,००,०००/- | वडा नं.४ जगडोल सामुदायिक बन भित्र रहेको आदिवासी किरौंत समाजको भुमेथान वरीपरी तारजली र शौचालय स्तरोन्नती रु.७,००,०००/- | |
| २ | नगर स्तरीय युवा खेलकुद तर्फको जोरपाटी उसु क्वान खेलाडी प्रशिक्षण रु.५,००,०००/- | चौथो उपत्यका च्यापी क्वान स्तरीय खुल्ला जुनियर उसु प्रतियोगिता रु.५,००,०००/- | |
| ३ | नगर स्तरीय स्वास्थ्य सम्बन्धी कार्यक्रम पूँजिगत तर्फको गोकर्णेश्वर नगर अस्पताल डेन्टल सेवा उपकरण खरिद रु.३०,००,०००/- | नगर स्तरीय स्वास्थ्य सम्बन्धी कार्यक्रम पूँजिगत तर्फको गोकर्णेश्वर नगर अस्पताल डेन्टल सेवा तथा ENT सेवा उपकरण खरिद रु.३०,००,०००/- | |

७.१४)आ.ब.०८१/०८२ को नगरस्तरीय तर्फको देहाय बमोजिम शिर्षकका योजना तथा कार्यक्रमको बजेट विपद व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय गरियो ।

| साबिक योजना तथा कार्यक्रम | रकमान्तर रकम | विपद व्यवस्थपन कोषमा थप | कैफियत |
|---|---|---|---|
| १) जोरपाटी चोकमा लिफ्ट सहितको अपाङ्ग मैत्री आकाशे पुल शिर्षक रु.२,५०,००,०००/- बाट | रु.३०,००,०००/- | रु.८९,००,०००/- | |
| २)तारजाली व्यवस्थापन शिर्षक रु.९,००,०००/- बाट | रु.९,००,०००/- | | |
| ३)जोरपाटी चोकमा पानीको फोहरा सहितको स्तम्भ शिर्षक रु.२५,००,०००/- बाट | रु.२५,००,०००/- | | |
| ४) भैपरी आउने पूँजिगत खर्च शिर्षक रु.१,००,०००,०००/- बाट | रु.२५,००,०००/- | | |